NJ: NUTA

# रातो आकाश उपन्यास जनयुद्धजन्य यथार्थको उदात्तीकरण

**अमृता देवी शर्मा**
इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
Email for correspondence: sharmaad@yahoo.com

## आरम्भ

घनश्याम ढकाल (२०१०-२०६८) नेपाली कविता आख्यान, निबन्ध, समालोचनाको क्षेत्रमा कलम चलाउने साहित्यकार हुन् । प्रगतिवादी चिन्तनमा प्रतिबद्ध हुँदै साहित्य सिर्जना गर्ने ढकालका नाम कमाउने रहरमा (निबन्धसङ्ग्रह - २०४२) भरिया र यात्री (कथासङ्ग्रह - २०४३), फैसला हारजीतको (कवितासङ्ग्रह - २०४४), दरिद्रताबाट मुक्ति (निबन्धसङ्ग्रह - २०४५), गाउँभित्र (उपन्यास - २०४७), मानचित्रमा नपरेको शहीद (२०४८ - कथासङ्ग्रह), समर्पणको बाटोमा (कथासङ्ग्रह - २०५१), आजको महाभारत (कथासङ्ग्रह - २०५२), मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना (समालोचना - २०५४), रातो आकाश (उपन्यास - २०६०) जस्ता कृतिहरू प्रकाशित छन् । उनको रातो आकाश उपन्यास पचासको दशकमा प्रकाशित उल्लेख्य प्रगतिवादी उपन्यास हो ।रातो आकाश (२०६०) उपन्यासकार घनश्याम ढकालद्वारा लिखित प्रगतिवादी उपन्यास हो । माओवादी जनयुद्धका विविध पाटाहरूको यथार्थ चित्रण गरेको यस उपन्यासले बहुदलीय व्यवस्थाको स्थापना भएपछि देखिएका सामाजिक आर्थिक विकृतिहरू र त्यसले जन्माएको जनस्तरको आन्दोलनलाई मुख्य विषय बनाएको छ । सामाजिक, आर्थिक, सांस्कृतिक शोषणको मूल जरो सामन्तवादी पुँजीवादी राज्यव्यवस्था भएकोले यसको अन्त्यका लागि वर्गयुद्ध नै एक मात्र माध्यम हो भन्ने सन्देश यस उपन्यासले प्रवाहित गरेको छ ।

## वर्गीय द्वन्द्वका दृष्टिले रातो आकाश

मार्क्सवादले आजसम्मको इतिहासलाई वर्गसङ्घर्षको इतिहास मानेको छ र साम्यवादी समाज स्थापना नहुञ्जेलको समाज वर्गीय संरचनामा आधारित हुने मान्यता राखेको छ । वर्गयुक्त समाजको यथार्थतालाई उद्बोधन गर्ने कलासाहित्य पनि वर्गीय स्वरूपको हुने गर्दछ । रातो आकाश उपन्यासको सम्पूर्णता वा विशिष्टता नै वर्गद्वन्द्वको चित्रण हो । यो उपन्यास बहुदलीय व्यवस्था स्थापनापछिका सामाजिक, सांस्कृतिक विकृतिहरूको विरुद्धमा उर्लिएको जनविद्रोहको यथार्थ भएकोले सामन्ती-पुँजीवादी राज्यव्यवस्था र निम्नवर्गीय शोषित बहुसङ्ख्यक जनताबिचको सशस्त्र सङ्घर्षको कथा हो । यहाँ वर्गसङ्घर्षलाई विचारधाराका रूपमा प्रस्तुत गरिएको छ । समाजमा सम्पूर्ण उत्पादनका साधन माथि अधिपत्य जमाउँदै त्यसैको माध्यमबाट एकतर्फी नीति, नियम, कर्तव्यका रेखाहरू कोर्ने उपल्लो शोषक वर्ग र त्यसको प्रतिनिधि राज्यसत्तासँग शोषित नेपाली जनताको द्वन्द्वको चरम रूप यस उपन्यासमा पाइन्छ ।

जनयुद्ध विचारधाराका दृष्टिले वर्गयुद्ध हो र शक्तिशाली वर्ग सङ्घर्ष हो । वर्गसङ्घर्ष एउटा वर्गको शोषण अन्याय र अत्याचारको अन्त्य गरी उत्पादनका साधन र स्रोतमा अर्को वर्गको सहज पहुँच बढाउने राजनीतिक र वैचारिक आन्दोलन हो । यहाँ सामन्त र किसान वर्गबिच, पुँजीपति साहु र मजदुरबिच, सरकारी बर्बर दमनका विरुद्ध निम्नवर्गीय जनताबिच, एकाधिकारवादी सोंचका विरुद्ध समानतावादी सोंचको आन्तरिक र बाह्य सङ्घर्षलाई प्रस्तुत गरिएको छ । उपन्यासमा गरिएको द्वन्द्व अधिकार प्राप्तिको लागि हो, जीवनका लागि हो र मानवीयताका पक्षमा हो । उपन्यासकी नायिकाले आफूहरूद्वारा गरिएको सङ्घर्षको उद्देश्य बताउँदै भन्छे- आफ्नो सत्ता र सम्पत्ति रक्षा गर्न सामन्ती र पुँजीपतिहरूले जो सुकैलाई पनि मार्न सक्छन् र जेल हाल्न सक्छन् । यसैका लागि उनीहरूले अनगिन्ती मानिसहरू मार्दै आएका छन् र यही हत्या श्रृङ्खलालाई अधिकारको रूपमा स्थापित गर्दै आएका छन् । प्रतिरोधद्वारा हामी उनीहरूको यो अपराध रोक्न चाहान्छौँ । यसरी सम्पूर्ण सामाजिक विशृङ्खलता र अत्याचारहरूबाट मुक्ति पाउँन समग्र शोषित जनताले गरेको द्वन्द्वलाई उपन्यासले देखाएको छ । द्वन्द्वलाई मात्र भौतिक लडाइँको रूपमा मात्र नहेरी विचार वा राजनीति प्रमुख हतियारको रूपमा रहेको हुन्छ भन्ने दृष्टिकोणलाई पनि यस उपन्यासले आत्मसात गरेको छ ।

वर्गीय मुक्तिका लागि सङ्घर्ष र प्रतिरोध नै यस उपन्यासको प्रमुख विषय हो । अधिकार प्राप्तिको लागि प्रतिक्रियावादी सत्तासँग प्रत्यक्ष युद्ध, गिरफ्तार, सङ्घर्ष र प्रतिरोधको चित्रण गर्दै उपन्यासकारले वर्गयुद्धको ऐतिहासिक चित्र प्रस्तुत गरेका छन् । नयाँ विचारको अमानवीय तवरले दमन गर्ने तानाशाही कार्यको विरोधमा प्रतिकार गर्ने जुझारु सङ्गठित शक्तिको चरम द्वन्द्वको चित्रण नै यस उपन्यासको सम्पूर्णता हो ।

## रातो आकाश उपन्यासमा चरित्रनिर्माण

चरित्र उपन्यासमा कथावस्तुलाई गति दिने एक अत्यावश्यक र महत्वपूर्ण तत्व हो । पात्रहरूमार्फत् नै उपन्यासले विचारको प्रकटीकरण गरेको हुन्छ अर्थात् उनीहरूका क्रियाकलापहरू कार्यव्यापारबाट नै लेखकको उद्देश्य प्रक्षेपित भएको हुन्छ । प्रगतिवादी चिन्तनले कलासाहित्यमा चरित्रहरूको निर्माण गर्दा समाज, यसको वर्गीय स्वरूप र अग्रगामी चिन्तनलाई केन्द्रमा राखिनुपर्ने मान्यता राख्छ । वर्गीय हितको पक्षमा र सामाजिक जीवनको प्रतिनिधित्व हुनेगरी छानिएका उपन्यासका पात्रहरू क्रान्तिकारी, भविष्यदृष्टि भएका, सर्वहारा वर्गको सामुहिक प्रतिनिधित्व गर्न सक्षम, महान् र आदर्श हुनुपर्ने धारणा यसले राख्दछ । रातो आकाश उपन्यासमा लेखकको समाजवादी यथार्थवादी चिन्तनलाई प्रस्तुत गर्न सक्षम पात्रहरूको निर्माण गरिएको छ। नेपाली समाजका यथार्थताहरूलाई बहन गर्न सक्ने पात्रहरूमार्फत विचारको उद्बोधन गरिएको छ। वर्गीय हितको पक्षमा र सर्वहारा वर्गको प्रतिनिधित्व हुनेगरी अविरल, भविसरा, निर्मल, गगन, भरत, रवि, इमान, आरती आदिजस्ता पात्रहरू आएका छन् भने समाजको विकृति र शोषणको यथार्थलाई देखाउन मणिकान्त, योगेन्द्र, पुलिस डि.एस.पी., असइ एवं प्रशासन जगत् आएका छन् । यिनै सकारात्मक र नकारात्मक पात्रहरूको माध्यमबाट लेखकको विचार वा चिन्तनलाई प्रस्तुत गरिएको छ ।

०५२ सालदेखि सुरु भएको माओवादी जनयुद्धलाई गति दिने, फुलाउने फलाउने प्रमुख पात्रको रूपमा आएको 'अविरल', 'रातो आकाश' उपन्यासको प्रमुख पात्र हो । ऊ नेपाली समाजको अधिकांश गरिब, शोषित, पीडित निम्नवर्गीय जनताको प्रतिनिधि पात्र हो भने वर्गसङ्घर्षबाट नै शोषण र उत्पीडनका साङ्लाहरू चुडाल्न सकिन्छ र सामन्तवादी पुँजीवादी राज्यसत्ताको अन्त्य गर्न सकिन्छ भन्ने लेखकको विचारलाई प्रकट गर्ने पात्र

पनि हो । अभाव र सङ्घर्षबाट खारिएर समग्र मानव मुक्तिको लागि हिँडेको क्रान्तिवीर अविरल महान् र आदर्श पात्रको रूपमा आएको छ । त्यस्तै निर्मल, रवि, इमान, गगन आदिजस्ता पात्रहरू पनि निम्नवर्गीय उत्पीडित जनताको प्रतिनिधित्व गर्ने पुरुष पात्रहरू हुन् । आफ्नो स्वतन्त्रता र अधिकारप्रति सचेत यी पात्रहरू सामाजिक, आर्थिक सांस्कृतिक रूपान्तरणको लागि वर्गद्वन्द्वको महान् अभियानमा लाग्ने लाखौं नेपाली निम्नवर्गीय जनताका प्रतिनिधिहरू हुन् । यी पात्रहरू भन्दछन्- वर्गयुद्ध समग्र मोर्चा हो, शत्रुलाई परास्त गर्न फौजी मोर्चाको अग्रणी भूमिका हुन्छ । तर त्यतिले मात्र हुँदैन, हामी राजनीतिको मोर्चामा लड्छौं, संस्कृतिको मोर्चामा लड्छौं र राष्ट्रियताको मोर्चामा लड्छौं । भोक, पीडा, अभाव र गरिबीका भीषण मोर्चाहरूमा हामी दिनप्रतिदिन लडिरहेका छौं । यी वर्गीय पात्रहरू नेपाली समाज परिवर्तनका बहाक हुन् र सङ्घर्षका पयार्य हुन् । यिनै पात्रहरूको माध्यमबाट नेपाली जनयुद्धको यथार्थतालाई उपन्यासमा प्रकट गरिएको छ ।

नेपाली समाजको वर्गयुद्धमा अतुलनीय योगदान पुऱ्याउन आरती, अजिता, भविसरा, समिधा, अनुपा, अञ्जना, रविकी धर्मपत्नी र भरतकी जीवनसाथी जस्ता मुक्तियोद्धा र सङ्घर्षशील नारीपात्रको पनि भूमिका रहेको छ । भविसरा, अञ्जना जस्ता विरङ्गना नारीहरूको प्रत्यक्ष सहभागिता र रवि, भरत, इमानजस्ता क्रान्तिकारी योद्धाका श्रीमतीहरूको सहयात्राबाट नै महान् जनयुद्ध अघि बढेको हो । लेखकले समाज वर्गीय र लैङ्गिक रूपमा एकपक्षीय भयो भने गति प्राप्त गर्दैन भन्ने अठोटका साथ सरल तर सबल सकारात्मक नारीपात्रको प्रयोग उपन्यासमा गरेका छन् । नारीलाई केवल मनोरञ्जनको साधन मात्र ठान्ने सामन्ती संस्कारको विपरीत समाज रूपान्तरणकी महान् योद्धाको रूपमा र क्रान्तिको संवाहक शक्तिको रूपमा नारीलाई चित्रित गरिएको छ ।

समाजका सामन्त, शोषक र प्रतिक्रियावादी शासक वर्गको प्रतिनिधिको रूपमा मणिकान्त, योगेन्द्र, पुलिस प्रशासकका कर्मचारीहरूलाई देखाइएको छ । उत्पादनको प्रमुख साधन भूमिलाई आफ्नो हातमा राखेर सम्पूर्ण किसानवर्गमाथि शोषण र उत्पीडनको खेती गर्ने मणिकान्त सामन्ती शोषक वर्गको प्रतिनिधि चरित्र हो । त्यस्तै मणिकान्तको चम्चागिरी गर्ने छद्मरूपी माष्टर योगेन्द्र पुलिस प्रशासनको कुरूप र अमानवीय प्रवृत्तिलाई छर्लङ्ग्याउने पात्र हो ।

यसप्रकार विभिन्न सकारात्मक र नकारात्मक प्रवृत्ति बोकेका पात्रहरूको माध्यमबाट 'रातो आकाश' उपन्यासको वैचारिकतालाई प्रस्तुत गरिएको छ । साथै नेपाली समाजको जनयुद्धकालीन यथार्थतालाई उद्बोधन गरिएको छ । यस उपन्यासमा अविरल विचारको संश्लेषित पात्र हो । यसैका केन्द्रीयतामा जनयुद्धको गति छ र वर्गसङ्घर्षको वास्तविकता छ। अविरल जस्ता अनेकौं प्रतिनिधि योद्धाहरूको त्याग र समर्पणले नै विकृत सामाजिक मूल्यहरू रूपान्तरित हुन्छन् । यसै रूपान्तरणकारी समाज निर्माण गर्नको लागि बलिदान गर्ने योद्धाहरूको निर्माण यस उपन्यासमा लेखकले गरेका छन् । समाजको आर्थिक, सांस्कृतिक, धार्मिक र राजनीतिक वास्तविकताको वस्तुगत विश्लेषण गर्न जान्ने र त्यस वास्तविकताको स्वीकृतिमा आफ्नो आचरण अड्याउने खालका पात्रहरूको संयोजन गर्ने कार्यमा उपन्यासकार सचेत देखिएका छन् ।

## विषयवस्तुका दृष्टिले रातो आकाश

विषयवस्तु उपन्यासको केन्द्रीय तत्व हो । यसको केन्द्रीयतामा नै पात्रहरू गतिशील हुने गर्दछन् । उपन्यासलाई मूर्तता प्रदान गर्ने विषयवस्तुबाट नै लेखकले आफ्ना कुराहरूलाई पाठकसमक्ष पुऱ्याउने गर्दछ । समाजवादी यथार्थवाद वस्तुगत सत्यमा आधारित विषवस्तु नै कलासाहित्यमा प्रस्तुत हुनुपर्ने मान्यता राख्दछ। मानव

जीवनका लागि लेखिने साहित्य मानव समाजको यथार्थताभन्दा बाहिर जानु हुँदैन भन्ने दृष्टिकोण यसको रहेको छ। हवार्ड फास्टले सत्यलाई देख्ने शक्तिका अनुपातमा कला विकसित हुन्छ र फासीवादका सन्दर्भमा देखापरेको सत्यविरोधी घोषणाको प्रतिवाद गर्न नसक्ने लेखकले सबभन्दा पहिले कलाकै हत्या गर्दछ भन्ने धारणा राख्दै सामाजिक यथार्थको प्रकटीकरण नै लेखकको कर्तव्य हो भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन्। 'रातो आकाश' उपन्यासमा नेपालको राजनीतिक इतिहासमा ०५२ सालदेखि सुरु भएको सशस्त्र माओवादी जनयुद्धको विषयलाई लिइएको छ। आफ्नो अधिकार प्राप्तिको लागि नेपाली जनताले गरेको वर्गयुद्धको यथार्थ तस्विर यस उपन्यासमा उतारिएको छ। यस उपन्यासको विषयवस्तुको सन्दर्भमा सुकुम शर्मा भन्छन्- नयाँ परिवर्तन शब्दमा मात्र भएकाले शोषण अत्याचारको विरोधले मात्र नपुग्ने यथार्थ उपन्यासमा प्रस्तुत छ। जनयुद्धले सिर्जना गरेको नयाँ चेतना, अठोट, उत्साहको द्वन्द्वात्मक रूपले आख्यानीकरण गर्नु उपन्यासको मुख्य सन्दर्भ हो। नेपालको इतिहासमा भएको कम्युनिष्ट आन्दोलन र वर्गसङ्घर्षको तथ्यपरक सत्यलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ।

२०४७ सालमा बहुदलीय व्यवस्था स्थापित भई राजनीतिक परिवर्तन भए तापनि परिवर्तन हुन नसकेका शोषणवृत्ति र अत्याचारको पराकाष्ठाले आक्रान्त बनेको नेपाली समाजको यथार्थता नै रातो आकाश उपन्यासको वस्तु बनेको छ। भिन्न वस्त्र पहिरिएर पुनः निमुखा जनताको श्रमका विनामूल्य रजाइँ गर्न पल्केका शोषकहरूको विरुद्धमा नेपाली जनताको अस्तित्वको लडाइँको आख्यानसूत्रमा उपन्यास अडिएको छ। जनयुद्ध रहर नभएर नेपाली जनताको बाध्यता हो। मुट्ठीभर वर्गको हातमा रहेको शक्ति निम्नवर्गीय जनताको हातमा पार्न नेपाली युवाहरूले आर्थिक र सांस्कृतिक रूपमा पिछडिएका वर्गमा गएर साङ्गठनिक एकता र सङ्घर्षको माध्यमबाट थालेको मुक्ति अभियानलाई उपन्यासको विषयक्षेत्र बनाइएको छ। समग्र नेपाली जनताको मुक्तिको महान् अभिलाषामा निश्चित विचार र दर्शनद्वारा निर्देशित सङ्घर्षको यथार्थता नै यस उपन्यासको विषयवस्तु हो।

यसप्रकार रातो आकाश उपन्यासले मानव मुक्तिको उद्देश्यसहित कम्युनिष्ट विचारद्वारा निर्देशित वर्गयुद्धको महान गाथालाई आफ्नो विषयक्षेत्र बनाएको छ। नेपाली समाजको माओवादी जनयुद्धको यथार्थ तस्विर यस उपन्यासको वस्तु हो। निम्नवर्गीय जनताले आफ्नो अधिकारप्राप्तिको लागि गरेको त्याग, समर्पण र सङ्घर्षलाई कलात्मक चित्रण गरेको यो उपन्यासले प्रगतिवादी चिन्तनले निर्देशित गरे अनुसारको विषयवस्तु चयन गरेको छ। यथार्थ विषयलाई निश्चित उद्देश्यका साथ प्रकट गर्नु अर्थात् निम्नवर्गीय जनताले गरेको समाजपरिवर्तनको युद्धलाई सकारात्मक रूपले पाठकसमक्ष राख्नु यस उपन्यासको विशिष्टता हो।

## रातो आकाश उपन्यासको विचारपक्ष

रातो आकाश उपन्यास समाज रूपान्तरणको उद्देश्यसहित लेखिएको प्रगतिवादी उपन्यास हो। विचारको (केन्द्रीयता) प्रकटीकरण नै यसको अभीष्ट हो। वर्गसंरचनाले युक्त नेपाली समाजका असमानताका पर्खालहरू भत्काउन वर्गद्वन्द्व नै एक मात्र विकल्प हो। शोषण र उत्पीडनबाट मुक्तिका लागि सङ्गठित र निर्देशित क्रान्ति आवश्यक छ। विचारद्वारा निर्देशित सङ्घर्षबाट नै मानव मुक्ति सफल हुन्छ भन्ने विचारको केन्द्रीयता यस उपन्यासमा पाइन्छ। लेखक भन्दछन्- गतिशील यथार्थको बिचबाट एउटा वर्गहीन सुन्दर, शान्त र समृद्ध समाज सिर्जना गर्न र मानव हत्याको शृङ्खलालाई अन्त गर्न क्रियाशील नयाँ मानिसको निर्माण गर्ने अभीष्टको परिणाम नै 'रातो आकाश' हो। प्रगतिवादी उपन्यासमा विचारको उद्बोधनको अर्थ एउटा निश्चित आदर्शमार्फत

भविष्यदृष्टि प्रस्तुत गर्नु हो । यस उपन्यासमा कम्युनिष्ट आदर्शलाई ग्रहण गर्दै विचार सहितको सशस्त्र क्रान्तिबाट नै रूपान्तरित समाज निर्माण गर्न सकिने दृष्टिकोण प्रस्तुत गरिएको छ ।

वर्गयुद्ध नै अधिकार प्राप्तिको माध्यम मान्ने रातो आकाश उपन्यासले मानवीय श्रम नै सर्वोच्च शक्ति मानेको छ । पसिना बगाउने वर्ग नै सच्चा मालिक हुन्, पसिनाको सत्य र श्रमको सत्य नै हाम्रो सत्य हो र जमिनमाथि जसले पसिना बगाउँछन्, त्यही वर्ग नै त्यस जमिनका सच्चा अधिकारवाल छन् भन्ने लेखकको धारणा रहेको छ । अर्काको श्रम र पसिनामा रजाइँ गर्ने वर्गहरूको समूल अन्त्य नगरेसम्म समानतामूलक समाजको निर्माण गर्न सकिँदैन भन्ने विचारलाई प्रमुख रूपमा उपन्यासमा उपस्थापन गरिएको छ । नेपाली जनताको त्याग र बलिदान विना सामन्ती सत्ता, संस्कृति र तिनको सम्पूर्ण संरचनालाई ढाल्न नसकिने हुँदा त्याग र बलिदान आवश्यक परेको र त्यसका लागि समाजका सबै उत्पीडित र पछि परेका वर्गको सामूहिक एकता र सामूहिक विचारधारा आवश्यक भएको दृष्टिकोण उपन्यासले राखेको छ । शोषक वर्गको विरुद्धमा गरिने सङ्गठित आन्दोलनबाट नै निम्नवर्गको मुक्ति हुन्छ भन्ने मूल विचारबाट उपन्यास निर्देशित छ ।

समग्रमा रातो आकाश उपन्यास विचारको केन्द्रीयता भएको सशक्त र सबल उपन्यास हो । मार्क्सवादी दृष्टिकोणप्रति प्रतिबद्ध हुँदै लेखिएको यस उपन्यासका वर्गीय चिन्तन र निम्नवर्गीय पक्षधरता, वर्गीय मुक्तिको लागि वर्गसङ्घर्ष, साङ्गठनिक एकता र सङ्घर्षशीलता नै मुख्य वैचारिक चिन्तनहरू हुन् । सामन्तवाद र पुँजीवाद व्यवस्थाको अन्त्यनै निम्नवर्गको मुक्ति हो र वर्गीय सङ्घर्षबाट नै मानव मुक्ति सम्भव हुन्छ भन्ने मूल विचार यस उपन्यासमा पाइन्छ । मार्क्सवादी चेतनामा केन्द्रित भएर विचारको उद्बोधन गर्नु नै यस उपन्यासको मूल पक्ष हो । विचारद्वारा निर्देशित सशस्त्र क्रान्तिबाट नै सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक रूपान्तरण गर्न सकिन्छ र सर्वहारावादी राज्यव्यवस्थाको निर्माण गर्न सकिन्छ भन्ने वैचारिकता यसले प्रक्षेपित गरेको छ ।

**राष्ट्रियताका सन्दर्भमा** रातो आकाश

मार्क्सवादका संस्थापकहरूले 'मजदुरहरूको कुनै देश छैन' भन्दै अन्तरराष्ट्रियवादको समर्थन गर्दछन् । मार्क्सवाद व्यक्तिगत हितको विपरीत सामूहित हित र समानतामा महत्व दिने दर्शन हो । यही दर्शनमा आधारित यस उपन्यासमा राष्ट्रियताको रक्षाका लागि सामूहिक सङ्घर्ष गर्नुपर्ने धारणा राखिएको छ । आफ्नो देशको स्वाभीमानबाट हाम्रो व्यक्तिगत स्वाभिमान निर्मित हुने हुनाले मान्छे जस्तै राष्ट्र पनि शोषण र दमनबाट मुक्त हुनुपर्ने दृष्टिकोण उपन्यासकारको छ । यस उपन्यासका सबै सत् पात्रहरूमा समग्र मानव मुक्तिको साथै राष्ट्रप्रति गहन जिम्मेवारी बोध छ । जनताको मुक्तिका खातिर लड्ने कम्युनिष्टहरूको युद्ध राष्ट्रियताको युद्ध पनि हो भन्ने धारणा यी पात्रहरूले व्यक्त गरेका छन् । अविरल भन्दछ- वास्तविक अर्थमा कम्युनिष्टहरू नै राष्ट्रियताका पहरेदार हुन् । संसारभरका राज्य लोप हुने अवस्थामा पुग्दा मात्र राष्ट्रियता लोप हुँदै जान्छ । हामी राष्ट्रिय भावनाबाट ओतप्रोत भएका छौं । हाम्रो छातीभित्रको राष्ट्रियताको लडाइँ पनि कम्युनिष्टहरूले नै लड्नुपर्छ । मान्छे जस्तै राष्ट्र पनि शोषण र दमनबाट मुक्त हुनुपर्छ । राष्ट्रियतालाई कम्युनिष्ट सिद्धान्त विरोधी चिन्तनका रूपमा नहेरी अन्तर्राष्ट्रियताको पूरकको रूपमा हेरिनुपर्ने र यसलाई साम्राज्यवादविरोधी चेतनाका रूपमा मूल्याङ्कन गरिनुपर्ने धारणा उपन्यासकारले राखेका छन् । कम्युनिष्ट दर्शनले राष्ट्रियताभन्दा माथि उठेर विश्वभरका श्रमजीवीहरूको एकताको आह्वान गर्दछ र सर्वहारावादी विश्वदृष्टिकोण प्रस्तुत गर्दछ तर अन्तर्राष्ट्रिय चेतनासम्म पुग्नको लागि प्रथमतः राष्ट्रियताको चेतना आवश्यक हुने बताउँदै लेखक भन्दछन्- राष्ट्रिय चेतनामा नपुगेको व्यक्ति अन्तराष्ट्रिय चेतनाका माध्यमबाट अन्तराष्ट्रिय चेतनासम्म पुग्न सक्दैन त्यसैले हामी मजदुर किसानहरूलाई

राष्ट्रिय चेतनाका माध्यमबाट अन्तर्राष्ट्रिय चेतनासम्म पुऱ्याउँछौं । साम्राज्यवादी युगमा राष्ट्रियताको युद्ध स्वतन्त्र जीवनको अनिवार्य अङ्ग बनेको छ । राष्ट्रको अस्तित्व रक्षाका लागि र मजदुर वर्गको चेतना विकासका लागि राष्ट्रिय भावनाको अनिवार्यता हुनुपर्छ।

यसरी रातो आकाश उपन्यासले राष्ट्रवादी चिन्तनलाई कम्युनिष्टहरूको अनिवार्यता हो भन्ने दृष्टिकोण अगाडि राखेको छ । पुँजीवादी राष्ट्रहरूको साम्राज्यवादी नीतिले विश्वभर नङ्ग्रा गाडिरहेको वर्तमान परिप्रेक्ष्यमा साम्राज्यवादको सशक्त प्रतिकारका लागि राष्ट्रियताको चेतनाको विकास अनिवार्य भएको कुरा उपन्यासले स्पष्ट गरेको छ । राष्ट्रियतालाई अन्तर्राष्ट्रियताको पूरकको रूपमा लिएर श्रमजीवी किसान मजदुर वर्गमा चेतनाका विकास गर्नुपर्ने र राष्ट्रिय अखण्डता र स्वार्थमा विदेशी आक्रमणका विरुद्ध लड्न सचेत बनाउनुपर्ने चिन्तनलाई लेखकले अगाडि सारेका छन् ।

**अभिव्यक्ति शिल्पका दृष्टिले** रातो आकाश

साहित्य यथार्थको कलात्मक पुनर्सिर्जना हो । समाजका यथार्थताहरूलाई प्रतीकात्मक ढङ्गले साहित्यिक रूपान्तरण गर्ने काम सर्जकले गर्दछ। रातो आकाश उपन्यासमा नेपाली समाजको यथार्थ विषयलाई औपन्यासीकरण गरिएको छ । यस उपन्यासमा लेखकले विचारलाई कलात्मकता प्रदान नगरी सोझो रूपमा प्रक्षेपण गरेका छन् । विषयवस्तु र पात्रको सहज विन्यासमा लेखकका विचारहरू स्वतः प्रष्फुटित नभई पात्रका माध्यमबाट सोझै प्रस्तुत भएकाले कलात्मकताकादृष्टिले उपन्यास कमजोर साबित हुन्छ। कल्पनाको सूक्ष्मता औपन्यासिक शिल्पको चिन्तन सहज र सम्वेद्य रेखामा टिकाएर कथावस्तुलाई विन्यास गर्ने सन्दर्भमा ढकाल निकै दुर्बल कलाशिल्पी बनेर उपस्थित भएका छन् । मूलतः यो चिन्तनप्रधान उपन्यास भएकोले कलापक्षमा त्यति ध्यान दिइएको छैन । यहाँ लेखकको उद्देश्य प्रगतिवादी चिन्तनको उद्‌बोधन हो । कलात्मक मूल्य, शिल्प-चेतना उपन्यासमा विचारधारासँग जोडिएर आउने कुरा हो र त्यस दृष्टिले उपन्यास विधा शक्तिशाली हुन्छ । घनश्याम ढकालको मूल उद्देश्य उपन्यासमा कलात्मक पक्षलाई छताछुल्ल पोखी विचारधारालाई उपेक्षा गर्नु नभई विचारधारालाई केन्द्रमा राख्नु भएकोले कलात्मकता यस उपन्यासमा केही कमजोर भएको हो । तृतीय पुरुषात्मक पात्रहरूको सरल र रेखीय प्रस्तुतिगत ढाँचाले तर्जुमा भएको प्रस्तुत उपन्यासमा स्रष्टा भोक्ता नभएर द्रष्टाका रूपमा उपस्थित छ । अन्तर्वेदनाका विपरीत बहिर्संम्वेदनाको प्रस्तुतिमा उपन्यास अडेका कारणले बहिर्मुखी प्रस्तुतिमा कथावस्तु अघि बढेको छ ।

**रातो आकाश उपन्यासमा सांस्कृतिक चिन्तन**

मार्क्सवादी दर्शनमा आधारित प्रगतिवादी साहित्यले आर्थिक र राजनीतिक शोषणको विरोध गर्नुका साथै परम्परादेखि समाजमा जरा गाडेर बसेको विभेदपूर्ण संस्कृतिको अन्त्यगर्दै नवीन सांस्कृतिक चिन्तनको विकासको लागि सांस्कृतिक क्रान्तिको पनि अपेक्षा गर्दछ। नेपाली समाजमा परम्परागत रुग्ण संस्कृतिका साथसाथै पाश्चात्य विकृत संस्कृतिको प्रभाव पनि बढ्दो रूपमा रहेको छ। रातो आकाश उपन्यासमा परम्परागत रूपमा रहेको जातीय शोषण, धार्मिक कुसंस्कार र लैङ्गिक असमानताका विरुद्ध मानवीय सांस्कृतिक चेतनाको विकास भएको छ। यहाँ परम्परागत धार्मिक कुसंस्कार र जातीय शोषणका विरुद्धमा वर्गीय एकता र सङ्घर्षको शङ्खघोष गरिएको छ । जातीय शोषणलाई छुट्टै रूपमा नहेरी सामन्तवादको आर्थिक शोषणको एउटा पक्षको रूपमा हेरिएको छ। जातीय शोषणको मूल कारणको रूपमा आर्थिक सम्बन्ध वा सामन्तवादी उत्पादन व्यवस्थालाई मान्दै वर्गीय युद्धबाट नै सांस्कृतिक शोषणको अन्त्य हुने चिन्तन अगाडि सारिएको छ । शोषक सामन्तलाई उपल्लो ठाउँमा पुऱ्याउने

भऱ्याङ्गका रूपमा प्रयोग भएका उत्पीडित दलित वर्ग सधैंभरि भरिया, कुल्ली, हली, सिकर्मी, डकर्मी आदिजस्ता अत्यधिक श्रममूलक काम मात्र गर्नुपर्ने र कथित उपल्लो जातिद्वारा सधैं शोषित हुनुपर्ने कुप्रथाका विरुद्ध सङ्गठित क्रान्तिबाट नै विद्रोह गर्नुपर्ने दृष्टिकोण उपन्यासमा पाइन्छ ।

लैङ्गिक समानताको विषयमा 'रातो आकाश' उपन्यास सफल रहेको छ । सामन्तवादी पुँजीवादी व्यवस्थामा नारीलाई केवल पुरुषको आवश्यकता र मनोरञ्जन पूर्तिको साधन र यन्त्रको रूपमा प्रयोग गर्ने कुरा भन्दा विपरीत यस उपन्यासमा नारीहरूलाई समाज रूपान्तरणमा पुरुष समान सक्षम क्रान्तिकारी चरित्रका रूपमा प्रस्तुत गरिएको छ । यहाँका नारी पात्रहरू सङ्गठित चेतनासहित प्रत्यक्ष मुक्तियुद्धमा सामेल छन् । अन्याय र अत्याचारका पर्खालहरू भत्काउन र विकृत सामाजिक मूल्यहरू तहसनहस पार्नको लागि नारीहरू कम्मर कसेर लागेका छन् । वर्ग युद्धमा सामेल हुनको लागि पुरुषका घरायासी जिम्मेवारीलाई आफ्नो काँधमा थापेर उसलाई क्रान्तिमा लाग्न प्रेरणादायी भूमिका खेलिरहेका छन् । आफूलाई क्रान्तिको बाटोमा हिडाएर पनि श्रीमतीलाई घरयासी कामकाजको घेराबाट बाहिर जान नदिने पुरुषवादी सोंचका विरुद्ध पनि यस उपन्यासमा आवाज उठाइएको छ । यहाँका सबै नारीपात्रहरू आफ्नो हक र अधिकारप्रति सचेत छन् भने आफ्नो कर्तव्यप्रति पनि जिम्मेवार भएर लागेका छन् । सामाजिक रूपान्तरणका लागि वर्गसङ्घर्ष एक मात्र विकल्प हो भन्ने चिन्तनलाई यहाँका सबै नारीपात्रहरूले आत्मसात् गरेका छन् ।

यसरी हेर्दा सांस्कृतिक विकृतिको विरुद्धमा नवीन सांस्कृतिक चेतनाको विकास यस उपन्यासमा देखिन्छ । जातीय भेदभावलाई आर्थिक शोषणको एउटा आधारको रूपमा मान्दै वर्गीय विद्रोह नै शोषणको समूल अन्त्यको लागि अनिवार्य अस्त्रको रूपमा यस उपन्यासमा देखाइएको छ भने नारीलाई मुक्ति सङ्घर्षको शक्तिशाली योद्धाको रूपमा र पुरुष समान अस्तित्वशाली रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

घनश्याम ढकालद्वारा लिखित रातो आकाश उपन्यास समाजवादी यथार्थवादी चिन्तनमा आधारित उपन्यास हो । ०५२ सालदेखि सुरु भएको माओवादी जनयुद्धको विषयलाई समेटेको यस उपन्यासले वर्गद्वन्द्व र सङ्घर्षलाई नै समाज रूपान्तरणको आधार मानेको छ । ०४६ सालपछिका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तहमा देखिएका तमाम विकृतिहरूको अन्त्यका लागि जनयुद्ध आवश्यकता हो भन्ने धारणासहित नेपाली समाजको यथार्थताको उद्‌बोधन यस उपन्यासले गरेको छ । नेपाली जनयुद्धको ऐतिहासिक औपन्यासिक दस्तावेजको रूपमा रहेको यो उपन्यास वर्गद्वन्द्वको स्पष्ट तस्विर प्रस्तुत गर्ने कृति हो । वर्गसंरचनाले युक्त समाजको साहित्य पनि वर्गीय हुन्छ भन्ने दृष्टिकोण अनुरूपकै निम्नवर्गीय पक्षधरता, साङ्गठनिकता, श्रम प्रति असीम आस्था, वर्गीय मुक्तिका लागि क्रान्तिको पक्षधरता, भविष्यप्रति आशावादी दृष्टि, प्रतिनिधि पात्रको छनोट, सामाजिक यथार्थको उद्‌बोधन, मार्क्सवादी प्रतिबद्धता यस उपन्यासका विशिष्टताहरू हुन् । विचारको प्रकटीकरण र निम्नवर्गको मुक्तिको आकाङ्क्षा न} यस उपन्यासको मूल अभीष्ट हो ।

## सन्दर्भ ग्रन्थ सूची

अनातोली, लुनाचार्स्की, **समाजवादी यथार्थवाद**, साहित्य और सौन्दर्यशास्त्र ।

कड्वेल, क्रिष्टोफल, **इल्युजन एण्ड रियालिटी** (न्यू दिल्ली : पिपुल्स पब्लिसिङ्ग हाउस), १९८१ ई. ।

गौतम, देवीप्रसाद, **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौं : मुना गौतम, २०४९ ।

ढकाल, घनश्याम, **रातो आकाश**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, २०६० ।

फास्ट, हवार्ड (अनु. विजय सुषमा) **साहित्य और यथार्थ** (दिल्ली : पिपुल्स लिटरेरी, सन् १९८४) ।

फिसर, अर्न्स्ट (अनु. रमेश उपाध्याय), **कला की जरुरत** (नयाँ दिल्ली : राजकमल प्रकाशन, ई. १९९०)

रमेशप्रसाद, भट्टराई, 'घनश्याम ढकालका उपन्यासहरूमा विचारधारात्मक अवस्थिति', **यथार्थवादी समालोचना,** सम्पादन, घनश्याम ढकाल, पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

सांस्कृत्यायन, राहुल, **वैज्ञानिक भौतिकवाद**, छैटौं संस्करण, इलाहाबाद : लोकभारती प्रकाशन, ई. १९८१ ।

शर्मा, सुकुम, "परिचयका सन्दर्भमा साहित्यकार घनश्याम ढकाल", **सगुन**, (४ : १०, २०६३) ।

सुवेदी राजेन्द्र, 'दुर्बल संरचना र सबल वस्तुसंयोजन : 'लिखे' उपन्यास', **वेदना**, वर्ष ३०, अङ्क १, पूर्णाङ्क ६८, २०६०, पृ. ४१-४९ ।

मार्क्स, कार्ल र फेडरिक एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र**, काठमाडौं : प्रगति प्रकाशन, २०३० ।

लेनिन, **साहित्य र कलाबारे**, मस्को : विदेशी भाषा प्रकाशन गृह, १९६८ ई. ।